# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.२०७७/०७८
च.नं १०१०

मिति २०७८/०३/०१

अविरल वर्षाका कारण हुन सक्ने सम्भावित जोखिम बाट सजग,सतर्क र सुरक्षित रहन सम्पुर्ण नगरवासीहरुमा हार्दिक अपिल ।

हाल देशका सबैजसो स्थानहरुमा मनसुन सक्रिय रहेको र केही दिन देखि निरन्तर अविरल वर्षा भइरहेको सबैलाई जानकारी नै छ । जल तथा मौसम विज्ञान विभागले यस वर्ष विगतका वर्षको तुलनामा बढी वर्षा हुन सक्ने र यसबाट बाढी, पहिरो, भुक्षय लगायतको जोखिम उच्च रहने पुर्वानुमान गरेको छ । यसै सन्दर्भमा परशुराम नगरपालिका पनि बाढी,पहिरो, भुक्षय लगायतका प्राकृतिक प्रकोपको हिसाबले उच्च संवेदनशिल अवस्थामा रहेको व्यहोरा जानकारी गराइन्छ । विगतमा समेत यस नगरपालिकाका विभिन्न स्थानहरुमा अविरल वर्षाका कारण बाढी, पहिरो, भुक्षय भई जनधनको क्षति हुनुका साथै मानव बस्तिहरुलाई जोखिममा पारी बस्ती नै स्थानान्तरण गर्नुपर्ने अवस्था सिर्जना भएको सम्पुर्ण नगरवासीलाई  अवगत नै छ । निरन्तर भई रहेको अविरल वर्षाबाट जनधनको क्षति हुन नदिन सजक, सतर्क, पुर्व सावधानीका उपायहरु अपनाउन र बाढी पहिरो को जोखिम आँकलन गरी सुरक्षित स्थानमा सरी सुरक्षित रहन सम्पुर्ण नगरवासीहरुलाई हार्दिक अपिल गरिन्छ । मनसुन अवधिभर हुन सक्ने बाढी, पहिरो लगायतका विपद्का उच्च सम्भावना लाई दृष्टिगत गरी विपद् व्यवस्थापनको लागि पुर्व तयारी अवस्थामा रहन सबै सुरक्षा निकायहरु, वडा विपद् व्यवस्थापन समितिहरु, विपद् व्यवस्थापनमा संलग्न सरकारी तथा गैर सरकारी निकायहरु, रेडक्रस लगायतका संघ संस्थाहरु लाई हार्दिक अनुरोध गर्दछौं । साथै मनसुन सक्रिय हुने अवधि भर बाढी, पहिरोको कारण कुनै समुदाय तथा वस्तिहरुमा बाढी, पहिरो तथा भुक्षय भई जोखिम भएमा यथाशिघ्र नगरपालिका, सम्बन्धित वडा कार्यालय तथा नजिकको प्रहरी कार्यालयहरुलाई जानकारी गराउन हुन अनुरोध गरिन्छ ।

२०७८/०३/०१
तारानाथ पनेरु
प्रमुख प्रशासकीय अधिकृत

Email : parshurammun@gmail.com, website : http://www.parshurammun.gov.np